## मिति २०८२/१२/२४ गतेको गाउँ कार्यपालिकाको १० औं बैठकबाट भएक निर्णयहरु सार्वजनिक

### पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | यस अघिका बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा। | |
| २. | भगवतीमाई आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्यको ठेक्का व्यवस्थापन सम्बन्धमा । | |
| ३. | खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०८२ सम्बन्धमा । | |
| ४. | प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७४ संशोधन सम्बन्धमा । | |
| ५. | आर्थिक सहायता सम्बन्धमा। | |
| ६. | विविध छलफल । | |

### मिति २०८२/१२/२४ गतेको गाउँ कार्यपालिकाको १० औं बैठकबाट भएका निर्णयहरुः

१. यस गाउँ कार्यपालिकाबाट यस अघिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति समिक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने।

२. नेपाल सरकार र यस गाउँपालिकाको लागत साझेदारीमा निर्माणाधिन भगवतीमाई आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्य (BRM/HICW/o1/2080/081) को रेगन-रेसुङ्गा-दर्शन जे.भी. सँग भएको सम्झौता बमोजिम निर्माण व्यवसायीले पेश गरेको कार्ययोजना अनुसार कार्य सञ्चालन नगरेको सम्बन्धमा छलफल गर्दा सम्बन्धित निर्माण व्यवसायीको जेभी पार्टनरहरु तिन वटै फर्महरुसँग लिखित जवाफ सहित गाउँ कार्यपालिका बैठकमा उपस्थित हुन पत्रचार गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

३. भगवतीमाई गाउँपालिका खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०८२ मस्यौदा तर्जुमा गरि पेश गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन गर्ने ।

४. भगवतीमाई गाउँपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७४ संशोधन गर्ने ।

५. यस गाउँपालिका अन्तर्गत विभिन्न व्यक्तिहरुबाट प्राप्त आर्थिक सहायता सम्बन्धी निवेदनहरु माथि छलफल गरियो र देहाय व्यक्तिहरुलाई अनुसूची-१ बमोजिम आर्थिक सहायता उपलब्ध गराउने ।

६. यस गाउँपालिका अन्तर्गत भगवतीमाई आधारभूत अस्पतालमा छात्रवृत्ति करारमा कार्यरत मेडिकल अधिकृत डा. कुन्दन यादवलाई प्रोत्साहन स्वरुप मासिक रु. ४०,०००। का दरले वार्षिक कार्यक्रम स्वीकृत भएको बजेट उपशीर्षक नं. ८०६६७५०५१०८ बजेट संकेत नं. ७५४.२२.१.१८० खर्च शीर्षक २२१४३ करार सेवा शुल्क (तलब र सुविधा) बाट अस्पतालमा हाजिर भएको मिति देखि लागु हुने गरि उपलब्ध गराउने र मासिक घरभाडा वापत गाउँसभाबाट निर्णय भए बमोजिम सुविधा उपलब्ध गराउने ।

७. यस भगवतीमाई गाउँपालिका अन्तर्गत श्री भैरव माध्यामिक विद्यालय नमुना विकास कार्यक्रम अन्तर्गत चालु आ.व. २०८२/०८३ को वार्षिक कार्ययोजना अनुमोदन गर्ने ।

८. यस भगवतीमाई गाउँपालिका, गाउँ शिक्षा समितिको मिति २०८२/१२/०२ गतेका निर्णयहरु अनुमोदन गर्ने । साथै श्री सरस्वती प्राथमिक विद्यालय बागडाँडा भगवतीमाई-१, पगनाथमा एकमुष्ट अनुदान रु. १,५६,०००। उपलब्ध गराउँदै आइरहेकोमा थप अनुदान रु. १,००,०००। उपलब्ध गराउने ।

९. यस भगवतीमाई गाउँपालिकाको आयोजनामा मिति २०८२/०८/०९ गते सम्पन्न अन्तर जिल्ला पालिका स्तरीय देउडा गित नृत्य कार्यक्रममा भएको खर्च रु. २,५०,०००। अनुमोदन गर्ने ।

**भिन्न मत**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |